केन्द्रीय कार्यालय
वालुवाटार, काठमाडौं
फोन: ४११९८०४/६/७
४१०२०१/४१०१५८/४११२५०
एक्सटेन्सन: ३६३
फ्याक्स: ००९७७ १ ४४१४५५३
पोष्ट बक्स: ७३

# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग
## आन्तरिक प्रशासन फांट

पत्रसंख्या:वि.आ.प्र १२/२०/०७२/७३

मिति: २०७२/०९/१६

श्री सबै वाणिज्य बैंकहरु, नेपाल राष्ट्र बैंक, काठमाण्डौ बैंकिङ कार्यालय र अन्य कार्यालयहरु

विषय: भन्सार नाका परिवर्तन गरी सामान भित्र्याउने सम्वन्धमा ।

महाशय,

यस बैंकको पत्रसंख्या: वि.आ.प्र. १२/१६/०७२/७३ मिति २०७२/०७/१५ को पत्रबाट वाणिज्य विभागको स्वीकृति नभएता पनि सम्वन्धित बैंकहरुबाट नै नियम बमोजिम तोकिएको राजस्व र दस्तुर बुझाएको रसिद लिई जुनसुकै नाका परिवर्तन गर्न सकिने व्यवस्था भएको व्यवस्था विदितै छ ।

हाल भन्सार नाकाहरुमा भएको अवरोधमा सुधार आएको नदेखिएको एवं वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. १०६६ मिति २०७२/०९/१६ को पत्रवाट मिति २०७२/१०/१६ सम्मका लागि हालको व्यवस्था बमोजिम नै सम्वन्धित बैंकहरुवाटै भन्सार विन्दु परिवर्तन प्रकिया सम्पादन हुने व्यवस्था कायम राख्न लेखि आएकोले मिति २०७२/०८/०९ मा गरिएको पूर्ववत व्यवस्थालाई मिति २०७२/१०/१६ सम्मका लागि बढाइएको हुंदा सोही अनुरुप गर्नु गराउनु हुन अनुरोध गर्दछु ।

भवदीय

(भिष्मराज दुंगाना)
कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५. श्री नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय ।
६. नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय : आवश्यक समन्वय गरीदिनु हुन ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
८ श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परिक्षण विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग ।
११. श्री नेपाल बैंकर्स संघ ।
१२. श्री उद्योग वाणिज्य महासंघ ।